प्रदेश सरकार

बागमती प्रदेश

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

पशुपंछी तथा मत्स्यविकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,मकवानपुर

## औषधिजन्य मालसामान आपुर्ती सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशन मिति:२०७७/०८/०८ गते)

१) यस कार्यालयको चालु आ.व.२०७७/०७८ को स्विकृत कार्यक्रम अनुसार सार्वजानिक खरिद ऐन २०६३ (संसोधन सहित) वमोजिम यस कार्यालयलाई आवश्यक पर्ने औषधि व्यवस्था विभागमा सूचिकृत भएका दरभाउपत्र फारममा संलग्न स्पेशिफिकेशन अनुसारको औषधि उपकरण खरिद गर्नुपर्ने भएकोले आपुर्ति गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन २०७७/०८/२२ गते मूल्याकंन कार्यालय समयसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपूर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अध्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र ,स्थायी लेखानम्बर (**PAN**) प्रमाणित प्रमाणपत्र, आ.व.२०७६/०७७ सम्मको करचुक्ता गरेको प्रमाणित प्रमाणपत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त **Authorization Letter** को प्रमाणित प्रतिलिपी नियमानुसारको तपशिलमा उल्लेखित दरभाउपत्र दस्तुर रु १०००।- (पछि फिर्ता नहुने गरी) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको कोड नं. ३१२०२३२०४३, कार्यालयको राजस्व खाता नं. १०००२०००१०००० राष्ट्रिय वाणिज्य वैंक लि. शिर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कल भौचर वा राजस्व शाखामा दाखिला गरेको नगदी रसिद निवेदन साथ पेश गरेपछी नियमानुसार दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ । तोकिएको समय भन्दा पछाडिको दरभाउपत्र मान्य हुनेछैन ।

३) खरिद गरीएको दरभाउपत्र फारामको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको (२०७७/०८/२२ गते) १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिनेछ ।

४) दरभाउपत्र फारम साथ जमानत वापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, मकवानपुरको राष्ट्रिय वाणिज्य वैंकमा रहेको धरौटी खाता नं. १३००१००२०२०३०००० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरमा खोलिनेछ, तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदा पछीको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६) प्राप्त दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुप स्विकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन । दरभाउ पत्रमा प्रत्येक आइटम दररेट अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे वमोजिम हुनेछन् ।

८) दरभाउपत्र सम्वन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु सार्वजानिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजानिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ ।

१०) दरभाउपत्र सम्वन्धी थप जानकारीका लागी यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरमा सम्पर्क गर्न सकिनेछ।

| दरभाउ पत्र / ठेक्का नं. | सामान /उपकरणको नाम | इष्टिमेट रकम अंक | दरभाउ फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| VHLEC/NCB/Goods/01/2077/078 | औषधीजन्य मालसामान आपुर्ती (दरभाउ पत्रमा संलग्न स्पेसिफकेशन बमोजिम) | ५०३२६६।- | १०००।- (रु. एक हजार मात्र) | १५,०००।- (रु. पन्ध हजार मात्र) |